# DAILY NEWSLETTER

As of Mar 12, 2025

A Comprehensive Technical Analysis by **SARBAGUNA INVESTMENT**

सर्वगुण Investor's Club..

## बजार २,७०० रेन्जमा आएर स्थिर हुन खोज्दै




बुधबार नेप्से परिसूचक १७.२८ अंक बढेर २७३६.४८ विन्दुमा पुगेको छ र ८ अर्ब २३ करोड ५२ लाख ६८ हजार रुपैयाँ बराबरको २ करोड २९ लाख ४१ हजार कित्ता शेयर खरिदबिक्री भएको छ ।

### प्राविधिक विश्लेषण

| | |
|---|---|
| 20D MA | वजार २०D MA भन्दा तल झरेको छ । यसले बजारको momentum घटिरहेको जनाउदछ । |
| MACD | नेप्सेमा हाल MACD मा Bearish Crossover देखिएको छ, जसले बजारमा गिरावटको संकेत गरेको छ । |
| RSI | ४४.८९ |

| | |
|---|---|
| Support | २६५०-२७०० |
| Resistance | २९७०-३०४० |

सात दिनको लगातार गिरावटपछि आज नेप्सेमा सामान्य सुधार देखिएको छ । नेप्से परिसूचक हरियो रहे पनि बजारमा लगानीकर्ताहरूको उत्साह कमजोर देखिएको छ, जसले खरिद चापलाई उल्लेखनीय रूपमा सक्रिय हुन दिइसकेको छैन ।

आजको कारोबार अवधिभर बजार सकारात्मक देखिए तापनि लगानीकर्ताहरू अझै सतर्क रहँदा कारोबारको गतिशीलता सुस्त रह्यो । लगातारको गिरावटपछि आएको यो सुधारलाई "टेक्निकल बाउन्स" को रूपमा लिन सकिन्छ । तर, स्थिर सुधारका लागि बजारमा बलियो खरिद चाप आवश्यक पर्ने देखिन्छ ।


9709043043

www.sarbaguna.com

sarb.agun
sarbaguna.investm
Sarbaguna Investment